खण्ड : ६ संख्या : ३५ मिति २०७९/१२/१४


# बेलडाँडी गाउँपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्याः ३५ मितिः २०७९/१२/१४**

**बेलडाँडी, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग ३

### स्थानीय सरकार

बेलडाडी गाउँपालिकाको ३० युनिट सम्म बिधुत महशुल अनुदान बितरण सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना :-

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका बिपन्न गरिब, मुक्त कमैया ,कमलरी,एकल महिला ,विपन्न अतिअशक्त अपांग र पूर्ण अशक्त अपांग भएका, घर परिवारको आर्थिक , सामाजिक र सांस्कृतिक टेवा पुर्‍याउने तथा ३० युनिट सम्म बिधुत महशुलको रकम अनुदान कार्यक्रममा एकरुपता, पारदर्शिता, जवाफदेहिता र

उत्तरदायित्व कायम गर्ने उद्देश्यले प्रशासकीय कार्यबिधि -नियमित गर्ने ) ऐन २०७५ को दफा ४ को अधिकार प्रयोग गरि बेलडाडी गाउँ कार्यकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम बेलडाडी गाउपालकि ३० युनिट सम्म बिधुत महशुल अनुदान बितरण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :-** विषय प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "गाउपालिका" भन्नाले बेलडाडी गाउपालिकालाई सम्भन्नु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले बेलडाडी गाउकार्यपालिकालाई सम्भन्नुपर्छ ।

(ग) "३० युनिट सम्म बिधुत महशुल अनुदान सहायता पाउने योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका बिपन्न गरिब,मुक्त कमैया,कमलरी, बिपन्न दलित, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त,एकल,आरक्ष पिडित र पीडित एवं बेचविखनमा परेका महिलाहरु,जोखिमपूर्ण श्रममा संलग्न भएको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्तादुर्व्यवहारबाट पीडित, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित,अपांगता भएको सुस्तमनस्थिति भएको, ३ महिना खानलाउन नपुग्ने घरपरिवार र वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले बेलडाडी गाउपालिकाको न्यायिक समितिलाई सम्भन्नु पर्दछ ।

(ङ) अध्यक्ष" भन्नाले बेलडाडी गाउपालिकाको अध्यक्षलाई सम्भन्नु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेलडाडी गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भन्नुपर्छ ।





## अनुसूची- १
## (दफा ४(२) सँग सम्बन्धित)
## निवेदनको ढाँचा

मिति :-............................

श्रीमान् अध्यक्ष ज्यू,
बेलडाडी गाउँपालिका,
बेलडाडी, कंचनपुर ।

विषय :- ३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम अनुदान उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी......................अति बिपन्न गरिब/मुक्त कमलरी /मुक्त कमैया /एकल महिला, बाबु /आमा वा संरक्षकबाट वञ्चित भई म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार ३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम अनुदान उपलब्ध गराई निशुःल्क बिधुत महशुल रकम सम्बन्धित निकायमा निकासा गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................को प्रतिलिपि
३. बिधुत महशुलको बिल
४. ..................................

निवेदक
नाम, थर
ठेगाना
दस्तखत

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०६/१४

आज्ञाले
पदम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट बिधुत महशुल अनुदान कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट बिधुत महशुल अनुदान कोष कार्यको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) बिधुत महशुल अनुदान कोषका लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) बिधुत महशुल अनुदान कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**११. बाधा अड्चन फुकाउः** यो कार्यबिधिमा उल्लेख नभएको बिषयमा कुनै नितिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या वा बाधाअड्चन परेमा बेलडाडी गाउपालिका गाउँ कार्यपालिकाले बाधा अड्चन फुकाउ कार्य सम्पादन गर्न सहजीकरण गर्न सक्ने छ ।

**१२. बचाउः** यो कार्यबिधिमा ब्यवस्था भएका कुराहरु प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।





## परिच्छेद - २

## कार्यबिधिको उद्देश्य, क्षेत्र र आधार

**३.उद्देश्यः** १) यो कार्यबिधि तयार पार्नुको उद्देश्य देहाय बमोजिम हुने छ :

क) बेलडाडी गाउपालिकाबाट प्रदान गरिने ३० युनिट सम्म बिधुत महशुलको रकम अनुदान कार्यक्रमलाई एकरुपता ल्याउने ।

ख) ३० युनिट सम्म बिधुत महशुलको रकम अनुदान प्रणालीलाई मितव्ययी, र जवाफदेही बनाउने ।

ग) संचालित कार्यक्रमको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।

**४.क्षेत्र र आधारः** बेलडाडी गाउँपालिका बाट स्विकृत बिधुत महशुल अनुदान कार्यक्रम देहाय बमोजिम रहेको छ :

क) बेलडाडी गाउपालिका क्षेत्रभित्र आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्ग तथा समुदायको जिवनस्तरमा सुधार ल्याउन ।

ख) गरिबीको रेखामुनी रहेका बिपन्न गरिब, मुक्तकमैया ,कमलरी,एकल महिला , आरक्ष पिडित,विपन्न अतिअशक्त अपांग र पूर्ण अशक्त अपांग भएका घर परिवारको क्षमता बिस्तार तथा सीमान्तकृत समुदायको उत्थान गर्न ।

ग) गरिबीको रेखामुनी रहेका बिपन्न गरिब भन्नाले ३ महिना भन्दा कम समय खानालाउनलाई नपुग्ने र २ कट्ठा जग्गामात्र भएकोलाई बुझिने छ ।

घ) कार्यक्रमको संम्भाव्यता ,लागत अनुमान,कार्यक्रम कार्यन्वयन पछि प्राप्त हुने उपलब्धी ,प्रतिफल र लाभको अवस्था बेलडाडी गाउपालकिाले अनुगमन गरि कार्यक्रको कार्यन्वयन गर्ने छ ।

## परिच्छेद - ३

## अनुदान रकम ब्वस्थापन बिधि

**५. बिपन्न गरिबलाई अनुदान रकम सहयोग** :- (१) अनुदान रकम सहयोग पाउने योग्य व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टिकरण “आवश्यक कागजात” भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात बुझ्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि गाउँ कार्यपालिकाले आवश्यक छलफल गरी अनुदान रकम दिने निर्णय गरेमा बिपन्न गरिब घरपरिवारको बिधुत महशुल रकम भुक्तानी गर्न सकिनेछ ।

(३) गरिब घरपरिवारको ३० यूनटि सम्मको मासिक बिधुत महशुल गाउकार्यपालिकाले नेपाल बिधुत प्राधिकरणलाई रकम भूक्तानी गर्ने छ ।

४) ३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम कार्यक्रम संचालन गर्दा प्रचलित ऐन,नियम,स्वीकृत बजेट तथा कार्यक्रम र कार्यविधिको पालना गर्नु पर्ने छ ।

५) अनुदान बितरण गर्दा लक्षित बर्गलाई मध्यनजर गरि सके सम्म सेवा सुबिधालई एकिकृत गरि एकमुष्ट कार्यक्रम संचालन गर्न प्राथमिकता दनिुपर्ने छ ।

६)३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम अनुदान बितरण गर्दा सामाजिक,आर्थिक,राजनैतिक,धार्मिक,लैङ्गिक हिसाबले भेदभाव गरिनु हुदैन ।

**६. सूचना आह्वान गर्नुपर्ने :** १) बेलडाडी गाउँपालिकाले प्रत्येक आ.ब.को श्रावण महिनामा ३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम अनुदान बितरणका लागी सूचना आहृवान गर्नेुपर्ने छ । त्यस्तो सूचना वडा कार्यालय तथा पालिकाको वेवसाईटमा पनि राख्नु पर्नेछ ।

२) सूचनामा उल्लेख भए बमोजिमको ३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम अनुदान कार्यक्रम संचालनका लागि प्रस्तावकले उपदफा १ मा तोकिए बमोजिमको समयभित्र सूचनामा तोकिएको कागजात संलग्न गरि अनुसुचि १ बमोजिमको ढाचाँमा निबेदन वडा कार्यलय वा गाउपालिकामा पेश गर्नु पर्ने छ ।

## परिच्छेद- ३
## विविध

**७.समिति गठन सम्बन्धी व्यवस्था :** १) दफा ६ बमोजिम परेका निबेदनको छनौट र सिफारिस गर्नका लागी मूल्याकंन, छनौट तथा सिफारिस समिति गठन हुने छ ।

२) उपदफा १ बमोजिम गठित समितिमा देहायका बमेजिमका सदस्यहरु रहने छनः





क) गाउपालिकाका अध्यक्ष – संयोजक

ख) गाउपालिकाका उपाध्यक्ष –सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

घ) गाउपालिकाका सबै वडाध्यक्षहरु –सदस्य

ङ) गाउपालिकाका अध्यक्षले मनोनित गरेको कार्यपालिका दलित महिला सदस्य –सदस्य

च) सम्बन्धीत शाखा प्रमुख –सदस्य सचिव

**८. निबेदन छनौट प्रक्रिया तथा स्विकृतिः** १) बेलडाडी गाउँपालिकामा रितपूर्वक दर्ता भएका निबेदनको मूल्याकंन, छनौट तथा सिफारिस गर्न दफा ७ बमोजिम गठित समितिले प्रक्रिया अगाडी बढाउनु पर्ने छ ।

२) निबेदन छनौटको आधार र मापदण्ड तथा अनुदानको सिमा एउटै बिषय भएता पनि दफा ७ बमोजिम गठित समितिले दफा ६ को उपदफा २ मा तोकिएको समयावधी भित्र १५ दिन भित्र निर्धारित मापदण्ड समेतको आधारमा देहायका बिषयहरुलाई आधार लिई अनुदानग्राहीलाई छनौट गरि सिफारिस गर्नु पर्ने छ ।

क) आवश्यकता र औचित्य,

ख) कार्यक्रमबाट लाभान्वित घरपरिवार संख्या ,

ग) स्विकृत बजेट,

घ) मितव्ययिता र पारदर्शिता ,

३) छनौटमा परेका निबेदनको दफा ७ बमोजमिको समितिले छनौट तथा
निर्णय गरि सो को जानकारी
म्बन्धीत निबेदकलाई जानकारी गाराउनु पर्नेछ ।

**९. निवेदनको ढाँचा :-** दफा ४ र ५ अनुसार बिधुत महशुल अनुदान सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१०. बिधुत महशुल अनुदान कोष** :- (१) यस कार्यविधि अनुसार ३० यूनटि सम्मको मासिक बिधुत महशुल रकम अनुदान आर्थिक सहायता दिनका लागि एक बिधुत महशुल अनुदान कोषको स्थापना गरिनेछ ।

(२) बिधुत महशुल अनुदान कोषमा देहायको रकम जम्मा गरिनेछ :-